# सञ्चय कोष

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १० । अंक ४० ।	२०७९ कार्तिक-पौष


## कोषमा डिजिटल फाँटबारीको सुरुआत

कोषमा डिजिटल फाँटबारीको सुरूआत भएको छ । कोषले विद्युतीय सेवा प्रवाहमा लिएको नीतिलाई मूर्तरूप दिन डिजिटल माध्यमबाट फाँटबारी पठाउने व्यवस्था गरिएको हो । यसको लागि कोषले आवश्यक पूर्वाधारको विकास गरिसकेको छ ।

अनलाइन सापटी, सापटी फिर्ता तथा DTA मार्फत कर्जा रकम ट्रान्सफर कार्य गरिरहेको कोषले यही मंसिर २८ देखि डिजिटल फाँटबारीको सुरूआत गरेको हो । कोषमा आवद्ध करिब ६ लाख सञ्चयकर्ताको कोषकट्टी रकमको संकलन, लेखाङ्कन एवं अद्यावधिक गर्ने मूल जिम्मेवारी बहन गर्दै आएको कोष व्यवस्थापन विभागले आफ्नो कार्यशैली, कार्यप्रक्रिया तथा सूचना प्रविधिमा आमूल परिवर्तन गरी प्रविधिमा आधारित डिजिटल फाँटबारीको शुरूवात गरेको हो ।


Digital फाँटवारी प्रणालीले कोष व्यवस्थापन विभागका काम कारबाहीलाई कागजविहीन बनाउँदै जानुका अतिरिक्त कोषलाई नै डिजिटल युगमा प्रवेश गर्न सहज बनाएको छ । यसबाट कोष र सञ्चयकार्ता बीचको भौतिक दूरी कम हुँदै गएको छ भने नियमित कार्यगत सूचना सम्प्रेषण यर्थाथ समय (Real Time) मा गर्ने अभ्यासको समेत सुरूआत भएको छ ।

कोषकट्टी विवरण डिजिटल प्रणाली (वेव इन्ट्री, वेव अपलोड तथा वेव रियुज) वाट पठाउँदा रकम समयमा नै सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा हुने, दोहोरा खाता सिर्जना नहुने, गलत नाम र नम्वरमा लेखांकन नहुने, भौतिक रूपमा कोषमा उपस्थित भई फाँटवारी तथा बैंक भौचर दिनु नपर्ने, सञ्चयकर्ता कार्यालय एवं कर्मचारीले स्वयं आफ्नो कोषकट्टी विवरण हेर्न सक्ने जस्ता फाइदा हुन्छन् ।

शुरू भएको छोटो अवधिमा नै Digital फाँटवारीको अभियानमा सञ्चयकर्ता कार्यालयको उल्लेखनीय सहयोगले पौष महिनामा ९३ प्रतिशत फाँटवारीहरू कागजरहित डिजिटल रूपमा प्राप्त भई प्रविष्टि भएका छन् ।

## डिजिटल फाँटबारीका विशेषताहरू

- आफ्नै कार्यालय वा आफु बसेको स्थानबाट आफैले Entry /Upload गर्न सकिने ।
- कोषकट्टी फाँटबारी र बैंक भौचरको Hard Copy सञ्चय कोषको कार्यालयमाम पठाउनु नपर्ने ।
- कोषकट्टी रकम छिट्टै सम्बन्धित सञ्चयकर्ताको PF Number (कोषकट्टी खाता नं.) मा जम्मा हुने ।
- कोषकट्टी रकम जम्मा नभएमा Check Contribution Status मार्फत सो को कारण समेत थाहा पाउन सकिने ।




## डिजिटल फाँटबारीका चरणहरू


- कोषको वेबसाइट epf.org.np मा गएर Office KYC मा Office Log-In को User Name र Password लिने ।
- Office Login गरी फाँटवारी Entry का तीन विकल्प (Web Upload, Web Entry वा Web Reuse) मध्ये कुनै एक प्रयोग गरी फाँटवारी Submit गर्न सकिने ।
- फाँटवारी Submit गरेपछि प्राप्त हुने Receipt No.,बैंकमा रकम दाखिला गरेको मिति, बैंकको नाम र शाखा, Bank Transaction ID Entry गरी Submit गर्ने ।
- Check Contribution Status मार्फत पोष्टिङको अवस्था थाहा पाउन सकिने ।

# प्रशासकमा धिताल नियुक्त

कोषको प्रशासकमा निमित्त प्रशासक जितेन्द्र धिताल नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ मंसिर २० गतेको निर्णय बमोजिम धिताललाई प्रशासक नियुक्त गरिएको हो ।

कोषमा प्रशासक छनोटका लागि अर्थ मन्त्रालयले एक सिफारिस समिति बनाएको थियो । समितिले आवेदन दिएका मध्येबाट तीन जनाको नाम सिफारिस गरेको थियो । सिफारिस भएका तीन जनामध्ये सरकारले धिताललाई नियुक्त गर्ने निर्णय गरेको हो । २०६५ सालमा चार्टड एकाउन्टेण्ट (तह ९) मा कोषमा सेवा प्रवेश गर्नु भएका धिताल यस अघि कोषको सह प्रशासक हुनु हन्थ्यो र त्यस अघि मुख्य अधिकृतको रूपमा विभिन्न विभागको विभागीय प्रमुख भएर काम गर्नुभएको छ ।







# सामाजिक सुरक्षामा करिब १९ करोड वितरण

कोषले आर्थिक वर्ष २०७९/८० को पौष मसान्तसम्म सञ्चयकर्तालाई सामाजिक सुरक्षा बापत करिब १९ करोड बढी रकम प्रदान गरेको छ । सुत्केरी तथा शिशु स्याहारमा ९,२२२ सञ्चयकर्तालाई रू. ६ करोड ९१ लाख बढी, काजकिरिया अनुदानस्वरूप ४१० आश्रित परिवारलाई रू. १ करोड ६३ लाख र दुर्घटना क्षतिपूर्ति अन्तर्गत ८६ जना सञ्चयकर्तालाई रू. १ करोड ७२ लाख रकम वितरण गरिएको छ । त्यस्तै सञ्चयकर्ता औषधोपचार कार्यक्रम बापत १०३० जना सञ्चयकर्तालाई करिब ७ करोड ४४ लाख प्रदान गरिएको छ

# KYC अद्यावधिकीकरण

२०७९ साउनदेखि हालसम्म ४२ हजार ३ सय २० जनाको KYC अपडेट गरिएको छ । त्यसैसँगै हालसम्म ६ लाख ६० हजार बढी सञ्चयकर्ताको Individual KYC Update भैसकेको छ । त्यसैगरी यो आर्थिक वर्षको छ महिनाको अवधिमा ३ हजार ८ सय ६९ वटा Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यो सँगै पुस मसान्तसम्ममा करिब १४ हजार कार्यालयको Office KYC अपडेट गर्ने कार्य सम्पन्न गरिएको छ ।




# सेवाकालीन तालिम प्रदान



कोषले ३२ जना कर्मचारीलाई सेवाकालीन तालिम प्रदान गरेका छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा यही मंसिर १४ देखि पुस ३० सम्म सो तालिम प्रदान गरिएको थियो । कोषमा कार्यरत ११ जना उपप्रबन्धक तथा २१ जना सहायक प्रबन्धक तालिममा सहभागी हुनु भएको थियो ।

# सेवा प्रबर्द्धन महाशाखाद्वारा विविध कार्यक्रम सम्पन्न





सेवा प्रबर्द्धन महाशाखाद्वारा विभिन्न स्थानमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । कोषले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा १० बटा अन्तर्क्रिया कार्यक्रम भएका छन् ।

सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा विभिन्न निकायका कर्मचारीहरूको प्रत्यक्ष सहभागितामा कोषबाट उपलब्ध हुने विविध प्रकारका सेवासुविधाहरू, कोषको Online digital फाँटवारी र त्यसको Web posting गर्ने तरिका Online special Loan apply गर्ने तरिका लगायत Online Login गरी आफ्नो व्यक्तिगत विवरणको साथै कोषसम्बन्धी थप जानकारी लिने तौरतरिका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।

## १४० जना कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०७९/८० को पौष मसान्तसम्ममा कोषमा कार्यरत १४० जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । १३३ जना कर्मचारी स्वदेशी तथा ७ जना कर्मचारीलाई वैदेशिक तालिम प्रदान गरिएको हो ।



## सञ्चालकमा सिंह नियुक्त

कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक पुजा सिंह नियुक्त हुनु भएको छ ।



नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तर)को मिति २०७९ मङ्सिर २० गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व हुने गरी सिंहलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## शाखा कार्यालय भवन निमार्ण कार्य तीब्र

कोषले प्रत्येक शाखाबाट हुने सेवा प्रवाह आफ्नै भवनबाट सञ्चालन गर्ने उद्देश्यले कार्यालय भवन निमार्ण कार्यलाई तीब्रता दिएको छ । यसै क्रममा शाखा कार्यालय सुर्खेतको भवन



निमार्ण कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तै शाखा कार्यालय पोखरा र हेटौडाका शाखा कार्यालय भवन निमार्ण कार्य तीव्र रूपमा अगि बढेको छ । शाखा कार्यालय बुटवल र धनगढीमा कार्यालय भवन निमार्णका लागि जग्गा खरिद गरिसकिएको छ । शाखा कार्यालय विराटनगर, कोहलपुरले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् ।

## बेचालु खाता व्यवस्थापनमा जोड

कोषले बेचालु खाता व्यवस्थापनमा जोड दिएको छ । सो कार्यलाई उच्च प्राथमिकताका राखेर क्रियाकलाप अघि बढाइरहेको कोषले पौष मसान्तसम्म २ हजार ६७ जना सञ्चयकर्ताको रू ९ करोड ८६ लाख बढी वेचालु रकमको हिसाव मिलान गरिसकिएको छ ।

# कोषमा आवद्धता

कोष र राष्ट्रिय बीमा कम्पनीबीच पुस ७ गते एक सम्झौता सम्पन्न भै कोषले सञ्चालन गरेको योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजनामा सो कम्पनी सहभागि हुने सहमति भएको छ । यससँगै २०७९ पुस महिनादेखि नयाँ नियुक्त हुने कर्मचारीको रकम  कोषमा जम्मा हुनेछ ।

त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगसँग पनि सो आयोगमा नियुक्त हुने कर्मचारीहरूको कोषकट्टी रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । जसअनुसार २०७६ साउन महिना पछि नियुक्त कर्मचारीहरूको रकम कोषमा जम्मा हुनेछ ।

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले यस अवधिमा ९ वटा संस्थासँग सम्झौता गरिसकेको छ । त्यसरी आवद्ध हुनेसंस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय, एचआइडिसिएल, आरबिबि मर्चेन्ट बैंक, साझा यातायात, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था आदि रहेका छन् ।

# कर्मचारीलाई डिजिटल फाँटबारी सम्बन्धी तालिम

कोषका सबै शाखा कार्यालयहरूमा कार्यरत सम्बन्धित कर्मचारीहरूको लागि डिजिटल फाँटबारी पूर्णरूपमा कार्यान्वयनमा ल्याउने सन्दर्भमा ECS प्रणाली मार्फत पेपरलेस फाँटबारी कार्यान्वयन र डिजिटल फाँटबारी विषयक तालिम कार्यक्रम आयोजना गरियो । साथै डिजिटल फाँटबारी सम्बन्धि कार्यक्रम मंसिर १६ देखि १८ सम्म कोहलपुरमा, पुस ८ देखि १० सम्म विराटनगरमा र पुस १५ देखि १७ गतेसम्म पोखरामा समेत आयोजना गरिएको थियो ।



# निवृत्तभरणमा ६० हजार बढी कर्मचारी आबद्ध

पुस मसान्तसम्म कोषमा ६० हजार बढी कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ बाट रकम जम्मा हुन शुरू गरेको थियो । हालसम्म २८ सय ६३ वटा कार्यालयबाट १ अरब ६० करोड भन्दा बढी योगदान रकम संकलन भैसकेको छ ।



# शाखा कार्यालय तथा सेवा केन्द्रहरूका गतिविधि

## शाखा कार्यालय विराटनगर

### Modular Data Center को स्थापना



कोषको विराटनगरस्थित शाखा कार्यालयमा Modular Data Center को स्थापना गरिएको छ । प्राकृतिक प्रकोप, साइबर आक्रमण तथा अन्य अनपेक्षित घटनाहरूको समयमा कोषको Data Center मा रहेका महत्वपूर्ण Data तथा प्रणालीहरूको अनुपलब्धता भएको अवस्थामा Data तथा प्रणालीहरूलाई छिटो र सुरक्षित रूपमा पुनर्स्थापना गर्ने उद्देश्यले वैकल्पिक Data भण्डार स्थलको रूपमा यो Data Center को स्थापना गरिएको हो । यसका लागि चौबीसै घण्टा विद्युत आपूर्ति सहज हुनेगरी ७५ KVA को जेनेरेटर समेत राखिएको छ ।

### सह–प्रशासकद्वारा निरीक्षण भ्रमण



कोषका का.मु.सह-प्रशासक जीवन कुमार कट्वालले मिति २०७९ पुस १ मा शाखा कार्यालय विराटनगरको निरीक्षण भ्रमण गर्नुभयो । भ्रमणका क्रममा सहप्रशासक कट्वालले शाखाद्वारा सम्पादित कार्यहरू सम्बन्धमा संक्षिप्त जानकारी लिनुका साथै शाखामा विद्यमान समस्या तथा कोषको कार्यप्रक्रियामा भइरहेका परिवर्तन र त्यसबाट उत्पन्न हुन सक्ने चुनौतीहरूका सम्बन्धमा कार्यालय प्रमुख निर्मला हुमागाईं लगायत कार्यरत कर्मचारीहरूले राख्नुभएका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।

## शाखा कार्यालय जनकपुर

### KYC अद्यावधिक



शाखा कार्यालय जनकपुरद्वारा नेपाल प्रहरी तथा नेपाली सेनाका गरी ११०५ जनाको Individual KYC अद्यावधिक गरिएको छ । मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराजमा पौष १३ र १४ गते, बागमति प्रदेश प्रहरी तालिम केन्द्र दुधौलिमा पौष १५ गते तथा विभिन्न मितिमा नेपाली सेनाका पशुपति गण उदयपुर, बहादुर शेर गण सिरहा लगायतका ठाँउमा सञ्चालन गरिएका KYC अद्यावधिक तथा अन्तरक्रिया कार्यक्रममा समेत गरि उक्त संख्यामा KYC अद्यावधिक गरिएको हो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय जनकपुरद्वारा पौष २६ गते सिंहासनि मा.वि. सोनमा महोत्तरी, पौष २९ गते गोलबजार, सिरहा र माघ ४ गते गाईघाट, उदयपुरमा डिजिटल फाँटवारी तथा सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

विद्यालयका प्रधानाध्यापक तथा लेखासम्बन्धी काम गर्ने कर्मचारीहरूको उपस्थिति रहेका अन्तरक्रिया कार्यक्रममा डिजिटल फँाटवारीको प्रगोगात्मक अभ्यास गराइएको थियो । महोत्तरीको कार्यक्रममा ७१ जना सिरहामा १२० जना र उदयपुको कार्यक्रममा १०३ जना शिक्षक शिक्षिकाको उपस्थिति रहेको थियो । कार्यक्रमबाट उत्साहित सहभागीहरूबाट यस्ता कार्यक्रम आगमी दिनमा समेत जरूरी भएको धारणा व्यक्त गरिएको थियो ।

अर्न्तक्रिया कार्यक्रमहरूमा शाखा कार्यालय प्रमुख तेज प्रसाद खनाल, उप प्रबन्धक लोकनाथ ताजपुरिया, सहायक प्रबन्धकद्धय गौरी शंकर मल्लिक र गंगाराम यादव लगायतले सहजीकरण तथा प्रयोगात्मक अभ्यास गराउनु भएको थियो ।

# शाखा कार्यालय हेटौडा

## कार्यालय स्थानान्तरण

शाखा कार्यालय हेटौडाको कार्यालय भवन हुप्रचौरस्थित साबिक कार्यालय भवनस्थलबाट करिब २०० मिटर पूर्वोत्तर रोटरी क्लबको भवनमा स्थानान्तरण गरि मिति २०७९ असोज २९ गते बाट सेवा प्रवाह सञ्चालन गरिएको छ । साबिक कार्यालय भवन रहेको स्थानमा नयाँ कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि कार्यालय स्थानान्तरण गरिएको हो । निर्माणस्थलमा हाल नयाँ भवन निर्माणको कार्य चलिरहेको छ ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न



शाखा कार्यालय हेटौडाले वीरगञ्ज महानगरपालिकामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । अन्तरक्रिया कार्यक्रममा सो महानगरपालिका अन्तर्गत रहेका करिब ९० वटा सामुदायिक बिद्यालयहरूका प्रधानाध्यापक एवं लेखासँग सम्बन्धित कर्मचारीहरूलाई डिजिटल फाँटवारी तयार गरी अपलोड गर्ने सम्बन्धी जानकारी प्रदान गर्नुका साथै कोषले प्रदान गर्ने विभिन्न सेवा सुविधाका बारेमा समेत जानकारी प्रदान गरियो ।


अर्न्तक्रिया कार्यक्रममा कार्यालय प्रमुख राजेन्द्र लामिछाने, सहायक प्रबन्धक अतुल बास्कोटा, प्रमुख सहायक नितिष कुमार चौधरी र प्रमुख सहायक मकुन्देव चौधरीको सहभागिता रहेको थियो ।

## तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न

शाखा कार्यालय हेटौडाले मिति २०७९ पौष २० र २१ गते तनाव व्यवस्थापन तथा सकारात्मक सोच विषयमा दुई दिने कार्यक्रम आयोजना गऱ्यो । ब्रह्म कुमारी राजयोग सेवा केन्द्र मकवानपुरको समन्वयमा शाखा कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई बाह्य विज्ञमार्फत् तनाव व्यवस्थापन तथा सकारात्मक सोच विषयक सो दुई दिवसीय कार्यक्रम सञ्चालन गरिएको थियो ।

# शाखा कार्यालय बुटवल

## शाखा प्रमुखमा उपाध्याय



शाखा कार्यालय बुटवलका शाखा प्रमुखमा अर्जुन उपाध्याय नियुक्त हुनु भएको छ । उहाँले पुस ४ गतेदेखि सो जिम्मेबारी जिम्मेवारी सम्हाल्नु भएको छ । यस अघि उहाँले सेवा केन्द्र लगनखेलमा प्रमुख भई जिम्मेबारी सम्हाल्नु भएको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय बुटवलद्वारा लुम्बिनी प्रदेश तालिम केन्द्र बुटवलमा डिजिटल फाँटवारी प्रबिष्टि तथा सञ्चय कोषको सेवा प्रवाह सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो ।

कोषकट्टी विवरण डिजिटल प्रणाली (Web Entry, Web Upload, Web Reuse) बाट पठाउँदा समयमा नै सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा हुने, दोहोरा खाता सिर्जना नहुने, गलत नाम र नम्बरमा लेखांकन नहुने, भौतिक रूपमा कोषमा उपस्थित भई फाँटवारी तथा बैंक भौचर दिनु नपर्ने, सञ्चयकर्ता कार्यालय एवं कर्मचारीले स्वयं आफ्नो कोषकट्टी विवरण हेर्न सक्ने जस्ता फाइदाहरू Digital प्रणालीमा रहेको सम्बन्धमा सहभागिहरूलाई जानकारी गराईएको थियो ।

विभिन्न युनिटबाट करिब बीस जना लेखा सम्बद्ध सञ्चयकर्ताको उपस्थिति रहेको सो कार्यक्रमलाई कोषका उप प्रबन्धक बिजय थापा र प्र.स. कृष्ण प्रसाद पोखरेलले सहजीकरण गर्नु भएको थियो ।

# शाखा कार्यालय कोहलपुर

## KYC अद्यावधिक

शाखा कार्यालय कोहलपुरद्वारा पुष २१ देखि २३ गतेसम्म सबुज गणमा एक कार्यक्रम सञ्चालन गरि त्यहा कार्यरत १ सय १५ जना सैनिक सञ्चयकर्ताको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो । सो अवसरमा सहायक प्रबन्धक तोजेन्द्र रोकाय र सहायक दिनेश कुमार चौधरीले कोषले प्रदान गर्ने विभिन्न वित्तीय एवं सामाजिक सुरक्षा सुविधाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।



# शाखा कार्यालय सुर्खेत

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय सुर्खेतले नेपाली सेनाको उत्तर पश्चिम पृतना हेडक्वटर निमारे विरेन्द्रनगरमा अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरि सैनिक कर्मचारीहरूलाई कोषले प्रदान गर्दै आइरहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराएको छ । सो पृतना अन्तर्गत रहेको गण तथा गुल्महरूमा कार्यरत गणपति, गुल्मपति, लेखा प्रमुख तथा अन्य सैनिक कर्माचारीहरूलाई समेत सहभागी गराई मिति २०७९ पौष २२ गते सोही हेडक्वाटरको तालिम कक्षमा प्रमुख सेनानी शारदा भक्त मटाङ्ग गुलुको प्रमुख आतिथ्यमा सैनिक उच्च अधिकृत, अधिकृत तथा सकल दर्जाहरू गरी १०२ जनाको सहभागितामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथिबाट कोष शाखा कार्यालय सुर्खेतबाट आयोजित उक्त कार्यक्रमबाट कोषले उपलब्ध गराउने सेवा सुविधाहरू र योगदानमा आधारित निवृत्तभरण कार्यक्रम बारेमा आफूहरू स्पष्ट भएको र मातहतको सैनिक कर्मचारीहरूलाई समेत बुझाउन सहज भएको भन्दै कोषप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रमका विशेष अतिथि तथा उत्तर पश्चिम पृतना हेडक्वाटरका सेनानी श्री नवराज रायमाझीले कोषको सेवा सुविधा तथा निवृत्तभरण कोषको सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा शाखा कार्यालय प्रमुख रबि तामाङ्गले सैनिक र कोष बीचको अन्योन्याश्रित सम्बन्धको चर्चा गर्दै International Social Security Association को सहयोगी सदस्य समेत रहेको कोषले हाल उपलबध गराउँदै आएका सामाजिक सुरक्षण सुविधाहरू Social Security Minimum Standard Convention, 1952 ले तय गरेको मापदण्डका अर्न्तगत् रहेको जानकारी गराउनु भएको थियो । उहाँले कोषको भावी रणनीति दूरदृष्टि तथा दीर्घकालीन लक्ष्यहरूको चर्चा गर्दै सामाजिक सुरक्षण, राष्ट्रको पूर्वाधार क्षेत्रको विकास एवं आर्थिक विकासको दृष्टकोणबाट समेत कर्मचारी सञ्चय कोष मुलुकको महत्वपूर्ण संस्था रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा शाखा कार्यालयका उप प्रबन्धक बालकृष्ण अर्याल, सहायक प्रबन्धक श्री भगवान दाहाल, का.मु. सहायक प्रवन्धक श्री रामचन्द्र घिमिरे तथा प्रमुख सहायक रूपराज शर्माले कोषले उपलब्ध गराउँदै आएका सेवा सुविधा र सो को प्रक्रिया, विद्युतीय फाँटवारीको प्रक्रिया सम्बन्धि जानकारी दिनुका साथै सहभागीहरूका जिज्ञासाको समेत समाधान गर्नुभएको थियो ।

## Onsite KYC अद्यावधिक

शाखा कार्यालय सुर्खेतद्वारा मिति २०७९ पौष २२ गते शुक्रबारका दिन उत्तर पश्चिम पृतना हेडक्वाटर निमारे, सुर्खेतमा ९८ जना नेपाली सैनिक सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक गरियो ।

# शाखा कार्यालय पोखरा

शाखा कार्यालय पोखराद्वारा सञ्चयकर्तालाई कोषका बारेमा विविध जानकारी प्रदान गरियो । २०७९ पुस १४ र १५ गते अन्नपुर्ण गाउँपालिका कास्कीमा कार्यक्रम सम्पन्न गरियो । त्यस्तै २०७९ पुस २६ देखि २९ सम्म लमजुङ जिल्ला अन्तर्गत सुन्दरबजार र मध्येनेपाल नगरपालिकाका कार्यालयहरूमा कर्मचारी सञ्चयकोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रियासम्बन्धी अभिमुखीकरण र अन्तरक्रिया एवं डिजिटल फाँटबारीसम्बन्धी कार्यक्रम सम्पन्न भयो ।



# सेवा केन्द्र धनकुटा

## सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक

सेवा केन्द्र धनकुटाले जिल्लास्थित नं २ बाहिनी अड्डा हिलेमा मिति २०७९ मंसिर १० गते एक कार्यक्रमको आयोजना गरि ९७ जना सैनिक कर्मचारीहरूको KYC अद्यावधिक गऱ्यो । त्यसैगरि मिति २०७९ पुस ५ गते भिमदल गण सल्लेरी धनकुटामा ९९ जना सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गर्ने काम सम्पन्न गऱ्यो ।

सो अवसरमा सहायक प्रबन्धक डेन्जम भट्टराई तथा प्रमुख सहायक रामशरण थापाद्धारा नयाँ नियुक्त नेपाली सेनाका कर्मचारीहरूलाई कोषले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा जानकारी प्रदान गर्नुभयो ।

## डिजिटल फाँटबारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

सेवा केन्द्र धनकुटाले संखुवासभा जिल्लाको खाँदबारी नगरपालिकास्थित हिमालय मा. वि खाँदबारीमा मिति २०७९ पुस २४ मा Digital फाँटबारी इन्ट्री सम्बन्धि अन्तरक्रियमा कार्यक्रम सञ्चालन गऱ्यो ।



Digital फाँटबारीलाई शत प्रतिशत कार्यान्वयन गराउने उद्देश्यले सञ्चालित सो कार्यक्रममा सहायक प्रबन्धक डेन्जम भट्टराई तथा प्रमुख सहायक मोहन काफ्लेले लेखासँग सम्बन्धित कर्मचारी तथा विद्यालयका प्रधानाध्यापकको सहभागितामा Office KYC तथा Digital फाँटबारी इन्ट्रीको प्रत्यक्ष अभ्यास गराउनुका साथै कोषले प्रवाह गरेका सेवा सम्बन्धमा जानकारी समेत दिनुभएको थियो ।

## कर्मचारी सञ्चय कोषबाट धितोमा आधारित कर्जा लिई किस्ता नियमित नगर्ने र भाखा नाघेका कर्जाका ऋणीलाई साँवा, ब्याज भुक्तानी गर्ने सम्बन्धी जरूरी सूचना !

कोषबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल चक्र कर्जा सापटी र जग्गा खरिद सापटी** उपभोग गरेका सञ्चयकर्तले कोषलाई बुझाउनु पर्ने रकम (नियमित त्रैमासिक ब्याज, बक्यौता ब्याज तथा भाखा नाघेका कर्जाका ऋणी सञ्चयकर्तले कोषलाई तिर्नुपर्ने सम्पूर्ण साँवा ब्याज रकम) **२०७९ चैत्र मसान्तसम्म कोषको बैंक खातामा जम्मा गर्नु हुन अनुरोध गरिन्छ।** नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने सञ्चयकर्तालाई कोषले तोकेबमोजमको ब्याज छुट दिने व्यवस्था रहेको समेत जानकारी गराइन्छ । कर्जा नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता असुली विनियम २०७९ बमोजिम असुली प्रक्रिया अघि बढाइने व्यहोरा जानकारी गराईन्छ ।

**कोषमा रकम भुक्तानी गर्ने प्रक्रिया**

- सञ्चय कोषमा KYC अध्यावधिक गरेका सञ्चयकर्ताले Connect IPS मार्फत ।
- सञ्चय कोषमा KYC अध्यावधिक नगरेका सञ्चयकर्ताले देहायका बैंक खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा भौचर पठाउनुहुन अनुरोध छ ।

| क्र. सं. | बैंक | खाता नम्बर |
|---|---|---|
| १ | नेपाल ईन्भेष्टमेन्ट बैंक लि. | ००४०१०१०२५४३७३ |
| २ | हिमालयन बैक लि. | ०१९०००२२९८०१०८ |
| ३ | माछापुछ्रे बैक लि. | ०३९००००००९३१०००११ |
| ४ | एन.आई.सि. एसिया बैंक लि. | ३०४१०९०१३५५२४००२ |
| ५ | एभरेष्ट बैक लि. | १००१०५००००१८/१२००१०५०००४८५ |

- KYC अध्यावधिक नगरेका सञ्चयकर्ताले नजिकको कोषको कार्यालयमा स्वंय उपस्थित भई KYC अध्यावधिक गर्नुहुन समेत अनुरोध छ ।

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।

## क) संख्यात्मक विवरणः

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ५५ हजार | २६ हजार २ सय |
| निवृत्तभरण कोष | ४५ हजार ९ सय | १ हजार ९ सय ७५ |

## ख) कोषका कार्यालयहरूः

- केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर
- ठमेल कार्यालयः त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालयः लगनखेल
- शाखा कार्यालयहरूः विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरूः धनकुटा, सिंहदरवार र लगनखेल

## ग) सञ्चयकर्तालाई उपलब्ध सेवाहरूः

- **ब्याज तथा मुनाफाः** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदरः ८.०० प्रतिशत, सञ्चय कोषमा मुनाफाः ०.९० प्रतिशत (आ.व. २०७७/७८को शुरु सञ्चय कोष मौज्दातमा)

- **सापटी सुविधा तथा ब्याजदरः**

| विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | घर मर्मतसापटी | सरलचक्र कर्जा | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|
| सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू. १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम १० वर्षको तलवमान बराबर |
| ९.१० प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत | १०.२५ प्रतिशत |

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरूः**
  - सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसूति रू. ७,५००,
  - दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रू. २ लाख,
  - काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

** २०७९।०३।३१ को वित्तीय अवस्था अनुसार*

सम्पादन तथा प्रकाशन :

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epf.org.np, email: planning@epf.org.np